# एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड

**प्रधान कार्यालय, पो.ब.नं. २०६००, लाजिम्पाट, काठमाडौं, नेपाल**

यस बीमालेखले रक्षावरण गर्ने क्षति/हानि-नोक्सानी बिरुद्ध बीमा गर्नका लागि **एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड** (यस पछि बीमक भनिएको) ले प्रस्ताव प्राप्त गरेको र बीमकले यस बीमालेखको अधिनमा रहने गरी जोखिम बहन गर्न मन्जुर गरी यस बीमालेखको तालिकामा उल्लेखित बीमाशुल्क प्राप्त गरेकोले बीमकले यो बीमालेख जारी गरेको छ ।

यस बीमालेखको लागि प्राप्त प्रस्ताव फारामलाई यस बीमालेखको आधार तथा बीमालेखको तालिकामा क्रम संख्या उल्लेख भई संलग्न सम्पुष्टीहरु यस करारको अभिन्न अंग मानिने छ ।

## परिच्छेद-१

## बीमालेखले रक्षावरण गरेको मोटरसाइकलको क्षति/हानि-नोक्सानी

१. बीमकले बीमितलाई देहायको कुनै कारणबाट यस बीमालेखको तालिकामा उल्लेखित मोटरसाइकल (यस पछि सवारी साधन भनिएको) वा सोमा जडित पार्टपूर्जा वा दुवैको क्षति/हानि-नोक्सानी भए बापत क्षतिपूर्ति प्रदान गर्नेछ :-

(क) आगलागी, चट्याङ्ग, सवारी साधन वा सोमा जडित पार्टपूर्जाको बिष्फोटन वा स्वजलन,

(ख) भूकम्प,

(ग) बाढी/डुवान,

(घ) पहिरो/भूस्खलन,

(ङ) आँधिबेहरी, असिना, हिउँ वा तुषारो,

(च) आकस्मिक/दुर्घटनाजन्य बाह्य कारणहरु,

(छ) सवारी साधनको प्रयोगबाट भएको ह्रास (Ware and Tear) को परिणाम स्वरुप वा यान्त्रिक वा बिद्युतीय अवरोध/असफलता/ टुटफुटको कारणले सवारी साधनमा भएको क्षति/हानि-नोक्सानी

(ज) चोरी, सेंधमारी वा नकवजनी,

(झ) सडक, रेल, आन्तरिक जलमार्ग, लिफ्ट वा एलिभेटरमा ओसार पसार गर्दा ।

२. प्रकरण १ बमोजिमको कुनै कारणबाट भएको क्षति/हानि-नोक्सानीले गर्दा सवारी साधनको देहायको बस्तुबाट बनेको पार्टपूर्जाहरु फेर्नु परेको अवस्थामा देहाय बमोजिम ह्रास कट्टी हुनेछ :-

(क) सम्पूर्ण किसिमका रबर, प्लाष्टिक वा नाइलनबाट बनेका पार्टपूर्जा, बत्तिहरु, ब्याट्रीहरु, टायर तथा ट्यूबमा ५०%

(ख) फाइवर ग्लासबाट बनेका पार्टपूर्जाहरुमा ३०%

(ग) काँच (ग्लास) बाट बनेका सामानहरुमा ०%

३. प्रकरण १ मा उल्लेख भएको कुनै कारणबाट भएको क्षति/हानि नोक्सानीले गर्दा सवारी साधनको प्रकरण २ मा उल्लेख भए भन्दा बाहेकको पार्टपूर्जाहरु फेर्नु परेको अवस्थामा देहाय बमोजिम ह्रास कट्टी हुनेछ :-

| नेपालमा दर्ता भएको मिति देखि गणना गर्दा सवारी साधनको | | | |
|---|---|---|---|
| **उमेर** | **ह्रास कट्टीको दर** | **उमेर** | **ह्रास कट्टीको दर** |
| ६ महिना भन्दा कम | ० प्रतिशत | ३ वर्ष देखि ४ वर्ष भन्दा कम | २५ प्रतिशत |
| ६ महिना देखि १ वर्ष भन्दा कम | ५ प्रतिशत | ४ वर्ष देखि ५ वर्ष भन्दा कम | ३५ प्रतिशत |
| १ वर्ष देखि २ वर्ष भन्दा कम | १० प्रतिशत | ५ वर्ष देखि १० वर्ष भन्दा कम | ४० प्रतिशत |
| २ वर्ष देखि ३ वर्ष भन्दा कम | १५ प्रतिशत | १० वर्ष वा सो भन्दा वढि | ५० प्रतिशत |

४. प्रकरण १ बमोजिमको कारणबाट आंशिक क्षति/हानि-नोक्सानी भएको सवारी साधनको क्षतिपूर्ति प्रदान गर्दा प्रकरण २ वा ३ मा उल्लेख भए बमोजिमको ह्रास कट्टी तथा यस बीमालेखको तालिकामा उल्लेख भएको अनिवार्य अधिक तथा स्वेच्छीक अधिकको योगफल कट्टी गरी बाँकी रकम बीमकले भुक्तानी दिनेछ ।

५. प्रकरण १, २ र ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको कुनै पनि अवस्थामा बीमकले भुक्तानी गर्ने छैन :

(क) सवारी साधनको प्रयोगबाट भएको ह्रास (Depreciation), यान्त्रिक वा बिद्युतीय अवरोध/असफलता/टुटफुट,

(ख) सवारी साधन दुर्घटना नभएको अवस्थामा भएको टायर/ट्यूबको क्षति,

(ग) सवारी साधनको चोरी नभएको अवस्थामा भएको पार्टपूर्जा मात्रको चोरी/सेंधमारी/नकवजनी,

(घ) चालकले मादक पदार्थ वा लागु पदार्थ सेवन गरेको कारणले भएको क्षति/हानि-नोक्सानी,

(ङ) सवारी साधन प्रति बीमितको हक हित परिवर्तन वा समाप्त भएको सात (७) दिन पछि भएको क्षति/हानि-नोक्सानी ।

६. प्रकरण १ मा उल्लेखित कुनै कारणबाट सवारी साधन नचल्ने भएमा सवारी साधनको सुरक्षाको लागि वा नजिकको मर्मत गर्ने स्थानसम्म पुऱ्याउन लाग्ने आवश्यक र वास्तविक खर्च बीमकले व्यहोर्ने छ । यस प्रकरण अन्तर्गत बीमकको अधिकतम दायित्व देहाय बमोजिम हुनेछ :

दुर्घटना भएको स्थानबाट पुऱ्याउनु पर्ने स्थान सम्मको दुरी -

(क) पचास किलोमिटर भन्दा कम भएमा एक हजार रुपैयाँ सम्म,

(ख) पचास किलोमिटर वा सो भन्दा बढि भएमा दुई हजार रुपैयाँ सम्म ।

७. यस बीमालेख अन्तर्गत बीमकको दायित्व हुन सक्ने क्षतिको सम्बन्धमा देहायका शर्तहरु पूरा गरी बीमितले सवारी साधन आवश्यक मर्मत गराउन सक्नेछ :

(क) यस्तो मर्मत कार्यको अनुमानित खर्च एक हजार रुपैयाँ भन्दा बढि नभएमा,

(ख) मर्मत खर्चको विस्तृत विवरण तत्काले बीमकलाई उपलब्ध गराएमा र

(ग) बीमितले बीमकलाई यस्तो मर्मत गर्न आवश्यक भएको तथा सो बापत लागेको खर्च मनासिब हो भन्ने कुरा एकिन गर्न आवश्यक प्रमाण सहित सहयोग गरेमा ।

८. सवारी साधनको बीमाङ्क निर्धारण देहाय बमोजिम हुनेछ :

(क) प्रत्येक बीमा अवधिको शुरुमा बीमितले घोषणा गरेको मूल्यलाई सो बीमा अवधिको लागि सवारी साधनको बीमाङ्क मानिनेछ ।

(ख) सवारी साधनको वितरक वा उत्पादकले मूल्यसूची उपलब्ध गराइरहेको सवारी साधनको खण्ड (क) बमोजिमको घोषित मूल्य निर्धारण गर्दा बीमितले

प्रत्येक बीमा अवधिको शुरुमा यस बीमालेख अन्तर्गत बीमा हुने ब्राण्ड र मोडलको सवारी साधनको तथा सोमा जडित पार्टपुर्जाको वितरक वा उत्पादकले उपलब्ध गराएको मूल्यसूचीबाट देहाय बमोजिम ह्रास कट्टी गरी घोषित मूल्य कायम गर्नु पर्नेछ ।

| नेपालमा दर्ता भएको मिति देखि गणना गर्दा सवारी साधनको | | | |
|---|---|---|---|
| **उमेर** | **ह्रास कट्टीको दर** | **उमेर** | **ह्रास कट्टीको दर** |
| ६ महिना भन्दा कम | ५ प्रतिशत | २ वर्ष देखि ३ वर्ष भन्दा कम | ३० प्रतिशत |
| ६ महिना देखि १ वर्ष भन्दा कम | १५ प्रतिशत | ३ वर्ष देखि ४ वर्ष भन्दा कम | ४० प्रतिशत |
| १ वर्ष देखि २ वर्ष भन्दा कम | २० प्रतिशत | ४ वर्ष देखि ५ वर्ष भन्दा कम | ५० प्रतिशत |

(ग) सवारी साधनको वितरक वा उत्पादकले मूल्य सूची उपलब्ध गराउन छोडेको वा दर्ता भएको मिति देखि गणना गर्दा पाँच बर्ष वा सो भन्दा बढि उमेर पुगेको सवारी साधनको खण्ड (क) बमोजिमको घोषित मूल्य निर्धारण गर्दा प्रत्येक बीमा अवधिको शुरुमा बीमित र बीमकको आपसी सहमतिबाट तय गर्नु पर्नेछ ।

(घ) एउटा बीमा अवधिको लागि उक्त अवधिको शुरुमा खण्ड (ख) वा (ग) बमोजिम निर्धारण भएको घोषित मूल्यलाई नै सवारी साधनको बजार मूल्य मानिनेछ र सो अवधि भित्रको पूर्ण क्षति वा लक्षित पूर्ण क्षति (Constructive Total Loss) दावीमा थप ह्रास कट्टी गरिने छैन ।

(ङ) प्रकरण १ बमोजिमको कारणबाट क्षति/हानि-नोक्सानी भएको सवारी साधनको मर्मत गर्न लाग्ने खर्च घोषित मूल्यको पचहत्तर प्रतिशत भन्दा बढि हुने भएमा लक्षित पूर्ण क्षति भएको मानिनेछ ।

९. प्रकरण १ बमोजिमको कारणबाट पूर्ण क्षति वा लक्षित पूर्ण क्षति भएको सवारी साधनको क्षतिपूर्ति बीमकले भुक्तानी दिनेछ । यस्तो भुक्तानी प्रदान गर्दा अनिवार्य अधिक वा स्वेच्छिक अधिक कट्टी गरिने छैन । बीमक र बीमितको लिखित सहमतीबाट रद्दी (Salvage) को मूल्य कायम गरिनेछ ।

## परिच्छेद-२
## तेश्रो पक्ष प्रतिको दायित्व

१. बीमकले बीमालेखमा उल्लेखित अधिकतम दायित्वको सीमाको अधीनमा रही सवारी साधन वा सोको प्रयोगबाट भएको दुर्घटनाको कारणबाट बीमितलाई देहायको अवस्थामा पर्न सक्ने दायित्व बापतका खर्चहरु समेतको भुक्तानी गर्नेछ :

(क) तेश्रो पक्षको मृत्यु भएको, अंगभङ्ग भएको, शारिरीक चोटपटक लाग्न गएको अवस्थामा,

(ख) बीमितको सवारी साधनमा ढुवानीरत् वा बीमितको स्वामित्वमा रहेको वा बीमितलाई विश्वाससाथ राख्न दिएको वा बीमितको जिम्मामा वा बीमितको नियन्त्रणमा रहेको सम्पत्तिको क्षति बाहेक अन्य तेश्रो पक्षको सम्पत्तिको क्षति/हानि-नोक्सानी भएको अवस्थामा ।

२. बीमकले लिखित स्वीकृति प्रदान गरेको सम्पूर्ण खर्चहरुको भुक्तानी दिनेछ ।

३. यस परिच्छेद अन्तर्गत बीमितलाई प्रदान गरिने दायित्वको सीमा तथा शर्तहरु अनुरुप बीमकले देहायको अवस्थामा बीमितको साधारण जानकारी वा सहमतीले सवारी साधन चलाइरहेको चालकको दायित्वको पनि क्षतिपूर्ति प्रदान गर्नेछ :

(क) चालक कुनै अन्य बीमालेख अन्तर्गत क्षतिपूर्तिको लागि हकदार नभएमा,

(ख) चालकले बीमितले जस्तै यस बीमालेख अन्तर्गत लागु हुन सक्नेसम्मको शब्दको मर्म, अपवाद र शर्तहरु अनुरुप काम गरेमा ।

४. बीमकले चाहेमा यस परिच्छेद अन्तर्गत दावी पर्न सक्ने कुनै मृत्यु वा अंगभङ्ग वा शारिरीक चोटपटक वा कुनै सम्पत्तिको क्षतिको सम्बन्धमा अनुसन्धान वा सोधपुछको लागि प्रतिनिधित्वको व्यवस्था गर्न सक्नेछ साथै यस परिच्छेद अन्तर्गत दावी पर्न सक्ने खालको कुनै कार्य वा कारबाहीबाट सृजित वा संबन्धित कुनै घटनाको सम्बन्धमा अदालतमा प्रतिरक्षाको लागि कारबाही गर्न सक्नेछ ।

५. यस परिच्छेद अन्तर्गत दावी पर्न सक्ने कुनै तेश्रो पक्षको मृत्यु भएको अंगभङ्ग भएको शारिरीक चोटपटक लागेको सम्बन्धमा यस बीमालेखमा तोकिएको दायित्वको सीमा तथा शर्त अनुरुप बीमितले व्यहोर्नु पर्ने यस्तो दायित्वको भुक्तानी निज वा निजको मृत्यु भएको अवस्थामा मृतकको नजिकको हकवालालाई बीमकले प्रदान गर्नेछ । त्यस्तो हकवालाले बीमित सरह यस बीमालेखका शर्तहरु पालना गर्नु पर्नेछ ।

६. यस बीमालेखको कुनै प्रावधान वा बन्देजले सवारी तथा यातायात सम्बन्धी प्रचलित कानून अन्तर्गत व्यवस्था गरिएको क्षतिपूर्ति रकम प्राप्त गर्ने कुनै व्यक्तिको अधिकारमा प्रतिकुल असर पार्ने छैन ।

७. सवारी साधन दुर्घटनाबाट देहाय बमोजिम भएको अवस्थामा देहाय बमोजिमको क्षतिपूर्ति रकम बीमकले भुक्तानी दिनेछ ।

(क) **चोटपटक वा अंगभङ्ग भएमा :** तेश्रो पक्षलाई चोटपटक लागेमा, अंगभंग भएमा वा औषधोपचार खर्च भएमा चिकित्सकको प्रतिवेदनको आधारमा अधिकार प्राप्त निकाय वा अधिकारीले प्रमाणित गरेको देहायको अवस्थामा बीमकले प्रति व्यक्ति देहाय बमोजिम क्षतिपूर्ति प्रदान गर्नेछ :

| **क्षतिको विवरण** | **क्षतिपूर्तिको रकम रू.** |
|---|---|
| पूर्ण स्थायी अशक्तता भएमा | पाँच लाख |
| निको नहुने गरी दुवै आँखाको दृष्टि क्षति भएमा | पाँच लाख |
| दुवै हातको नाडी वा दुवै खुट्टाको गोली गाँठोको जोर्नि वा सो भन्दा माथि देखि शारिरीक रुपले काम नलाग्ने भएमा | पाँच लाख |
| एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि र एउटा आँखाको दृष्टि पूर्ण रुपले क्षति भएमा | पाँच लाख |
| एउटा आँखाको दृष्टि पूर्ण रुपले क्षति भएमा | दुई लाख पचास हजार |
| एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि शारिरीक रुपले काम नलाग्ने गरी क्षति भएमा | दुई लाख पचास हजार |
| अन्य कुनै अंग भंग भएमा (शारिरीक क्षतिको सम्बन्धित विशेषज्ञले निर्धारण गरेको मात्राको आधारमा) | शारिरीक क्षतिको समानुपातिक हुने गरी पाँच लाखको प्रतिशत |
| सवारी साधन दुर्घटनाको प्रत्यक्ष तथा एक मात्र परिणाम स्वरुप भएको औषधोपचार खर्च | दुई लाखको हदमा नबढ्ने गरी आवश्यक तथा वास्तविक खर्च |

माथि उल्लेखित क्षतिहरु मध्ये एक भन्दा बढि क्षति भएमा बीमकको दायित्व पाँच लाख रुपैयाँमा नबढ्ने गरी प्रत्येक क्षतिको लागि निर्धारित रकमको योगफल बरावर हुनेछ ।

(ख) **कुरुवा तथा विविध खर्च :** सवारी साधन दुर्घटनाबाट तेश्रो पक्ष घाइते भई उपचारको लागि अस्पतालमा भर्ना भएको प्रमाणित भएमा त्यस्तो अवधिको लागि प्रति दिन पाँच सय रुपैयाँको दरले बढिमा तीस दिनको कुरुवा लगायत विविध खर्च बीमकले भुक्तानी दिनेछ ।

(ग) **कृयाखर्च :** सवारी साधनको गल्ती भएको वा नभएको जुनसुकै अवस्थामा सवारी साधनको प्रत्यक्ष संलग्नता रहेको दुर्घटनाबाट कुनै तेश्रो पक्षको मृत्यु भएमा कृयाखर्च बापत प्रति मृतक पच्चीस हजार रुपैयाँ बीमकले तत्काल भुक्तानी दिनेछ ।

(घ) **मृत्यु भएमा :** सवारी साधन दुर्घटनाबाट तेश्रो पक्षको मृत्यु भएको व्यहोरा कानून बमोजिम अधिकार प्राप्त निकाय वा अधिकारीबाट प्रमाणित भएको अवस्थामा कृया खर्च समेत प्रति मृतक जम्मा पाँच लाख रुपैयाँको दरले बीमकले भुक्तानी दिनेछ । यसको अतिरिक्त सवारी साधन दुर्घटनाबाट घाइते भई औषधोपचार गर्दा गर्दै तेश्रो पक्षको मृत्यु भएमा प्रति मृतक दुई लाख रुपैयाँको हदमा नबढ्ने गरी आवश्यक तथा वास्तविक औषधोपचार खर्च समेत बीमकले भुक्तानी दिनेछ ।

८. प्रकरण ७ को व्यवस्था बमोजिम बीमकले प्रदान गर्ने क्षतिपूर्तिको अधिकतम हद (औषधोपचार खर्च बाहेक) प्रति व्यक्ति जम्मा पाँच लाख रुपैयाँ भन्दा बढि हुने छैन र सोहि हद भित्र कुरुवा खर्च समावेश हुनेछ ।

९. प्रकरण ७ अन्तर्गत बीमकले प्रदान गर्ने क्षतिपूर्तिको अधिकतम सीमा प्रति दुर्घटना पच्चीस लाख रुपैयाँ हुनेछ ।
१०. सवारी साधन दुर्घटनाबाट तेश्रो पक्षको सम्पत्तिको नोक्सानी भएमा बीमालेखको शर्तको अधिनमा रही बीमकले क्षतिपूर्ति रकम भुक्तानी दिनेछ । यसरी भुक्तानी प्रदान गर्दा ह्रास कट्टी गरिने छैन ।
११. प्रकरण १० अन्तर्गत बीमकले प्रदान गर्ने क्षतिपूर्तिको अधिकतम हद प्रति दुर्घटना पच्चीस लाख रुपैयाँ हुनेछ ।
१२. यस परिच्छेद अन्तर्गत बीमकले क्षतिपूर्ति प्रदान गर्दा यस बीमालेखको तालिकामा उल्लेख भएको अनिवार्य अधिक र स्वेच्छीक अधिक कट्टीगरिने छैन ।
१३. यस परिच्छेद अन्तर्गत एक भन्दा बढि व्यक्ति वा सम्पत्तिहरुको क्षति भएको कुनै दुर्घटनाको क्षतिपूर्तिको सम्बन्धमा प्रकरण ९ र ११ मा तोकिएको दायित्वको सीमा र यस बीमालेखको शर्त तथा सम्पुष्टिको अधिनमा रहि बीमितले तोकिदिएको प्राथमिकता बमोजिम बीमकले क्षतिपूर्ति रकम भुक्तान गर्नेछ ।

## परिच्छेद-३
## व्यक्तिगत दुर्घटना

१. यस बीमालेखको शर्तहरुको अधिनमा रहि सवारी साधनमा सवार व्यक्ति वा सवारी साधन हाँकिरहेको व्यक्ति वा बीमितलाई बीमा गरिएको सवारी साधनमा सवार रहँदा वा चढ्दा वा ओर्लदा दुर्घटनामा परी चोटपटक लागेको परिणाम स्वरुप त्यस्तो दुर्घटना भएको नब्बे दिन भित्र देहाय बमोजिम क्षति भएको अवस्थामा देहाय बमोजिमको क्षतिपूर्ति रकम घाइते व्यक्ति वा निजको मृत्यु भएको अवस्थामा मृतकको नजिकको हकवालालाई बीमकले प्रति व्यक्ति देहाय बमोजिमको क्षतिपूर्ति दिनेछ ।

| **क्षतिको विवरण** | **क्षतिपूर्तिको रकम (प्रत्येक ब्यक्तिको लागि) (रू.)** |
|---|---|
| (क) मृत्यु भएमा | एक लाख |
| (ख) पूर्ण स्थायी अशक्तता भएमा | एक लाख |
| (ग) निको नहुने गरी दुवै आँखाको दृष्टि क्षति भएमा | एक लाख |
| (घ) दुवै हातको नाडी वा दुवै खुट्टाको गोली गाँठोको जोर्नि वा सो भन्दा माथि शारिरीक रुपले काम नलाग्ने भएमा | एक लाख |
| (ङ) एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि र एउटा आँखाको दृष्टि पूर्ण रुपले क्षति भएमा | एक लाख |
| (च) एउटा आँखाको दृष्टि पूर्ण रुपले क्षति भएमा | पचास हजार |
| (छ) एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथी शारिरीक रुपले काम नलाग्ने गरी क्षति भएमा | पचास हजार |
| (ज) अन्य कुनै अंग भंग भएमा (शारिरीक क्षतिको सम्बन्धित बिशेषज्ञले निर्धारण गरेको मात्राको आधारमा) | शारिरीक क्षतिको समानुपातिक हुने गरी एक लाखको प्रतिशत |
| (झ) सवारी साधनमा सवार रहँदा वा चढ्दा वा ओर्लिदाको अवस्थामा भएको दुर्घटनाको प्रत्यक्ष तथा एक मात्र परिणाम स्वरुप भएको औषधोपचार खर्च | पाँच हजारको हदमा नबढ्ने गरी आवश्यक तथा वास्तविक खर्च |

माथि उल्लेखित क्षतिहरु मध्ये एक भन्दा बढि क्षति भएमा बीमकको दायित्व एक लाख रुपैयाँमा नबढ्ने गरी प्रत्येक क्षतिको लागि निर्धारित रकमको योगफल बरावर हुनेछ ।

२. प्रकरण १ बमोजिम बीमकले प्रदान गर्ने क्षतिपूर्तिको हद कुनै एक दुर्घटना र एक बीमा अवधिको लागि दुई लाख रुपैयाँसम्म हुनेछ ।
३. आफैले जानाजान लगाएको चोट, आत्महत्या वा आत्महत्याको प्रयासबाट वा मादक पदार्थ वा लागू पदार्थको सेवनबाट दुर्घटनामा परी त्यसको परिणाम स्वरुप भएको हानि-नोक्सानी बापत कुनै क्षतिपूर्ति दिइने छैन ।
४. यस परिच्छेद अन्तर्गत बीमकले क्षतिपूर्ति प्रदान गर्दा यस बीमालेखको तालिकामा उल्लेख भएको अनिवार्य अधिक र स्वेच्छीक अधिक कट्टी गर्ने छैन ।

## परिच्छेद-४
## दावी नगरेको अवस्थामा हुने छुट

१. यस बीमालेख अन्तर्गत कुनै बीमा दावी नगरेको अवस्थामा बीमालेख नवीकरण गराउँदा बीमकले नवीकरण बीमाशुल्क (जोखिम समूह बीमा बाहेक) मा देहाय बमोजिमको छूट दिनेछ :

| **बीमा दावी नगरेको अवधि** | **छूट** |
|---|---|
| नवीकरण गर्नु भन्दा अगाडिको एक वर्ष | पन्ध्र प्रतिशत |
| नवीकरण गर्नु भन्दा अगाडिका लगातार दुई वर्षहरु | पच्चीस प्रतिशत |
| नवीकरण गर्नु भन्दा अगाडिका लगातार तीन वा सो भन्दा बढि वर्षहरु | पैंतीस प्रतिशत |

२. बीमालेखको अवधि समाप्त भएको तीस दिन भित्र नवीकरण गरेमा मात्र दावी नगरेको अवस्थामा पाउने छूट बीमकले दिनेछ ।
३. यस बीमालेखको तालिकामा एकभन्दा बढि सवारी साधन उल्लेख गरिएको भएमा त्यस्तो प्रत्येक सवारी साधनको भिन्दा भिन्दै बीमा गरे सरह दावी नगरेको अवस्थामा पाइने छूट बीमकले प्रदान गर्नेछ ।
४. बीमकले यस बीमालेख अन्तर्गत रहेको बीमितको बीमा योग्य हित वदल्न स्वीकृति दिएमा यस परिच्छेद अन्तर्गत साविकको बीमितले पाउने बीमाशुल्क छूट सुविधा परिवर्तित बीमितले पाउने छैन ।

## परिच्छेद-५
## अपवादहरू
## (सबै परिच्छेदहरूको लागि)

१. यस बीमालेख अन्तर्गत देहायको अवस्थामा बीमकको दायित्व रहने छैन :
(क) यस बीमालेखको तालिकामा उल्लेखित भौगोलिक क्षेत्र भन्दा बाहिर भएको वा घटेको कुनै दुर्घटना, हानि-नोक्सानी, क्षति वा दायित्व,
(ख) अन्य कुनै करार अन्तर्गत श्रृजना भएको दावी,
(ग) सवारी साधन चोरी भएको अवस्थामा बाहेक बीमालेखको तालिकामा तोकिए बमोजिमको चालक भन्दा फरक व्यक्तिले सवारी साधन हाँकेको अवस्थामा भएको वा घटेको दुर्घटना, हानि-नोक्सानी, क्षति वा दायित्व,
(घ) आणविक विकिरण वा आणविक इन्धनको ज्वलन पछि शेष रहेको बेकम्मा पदार्थबाट निस्कने रेडियोधर्मिता (स्वत: जारी रहने अणुको विच्छेदनको ज्वलन समेत) को सक्रियताको संसर्गबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपले हुने कुनै हानि-नोक्सानी,
(ङ) आणविक हात-हतियारबाट उठेको वा सोसंग प्रत्यक्ष वा अप्रत्यक्षरुपमा संलग्न रहेको कारणबाट भएको वा घटेको दुर्घटना, क्षति/हानि-नोक्सानी वा श्रृजित दायित्व,
(च) ज्वालामुखी विस्फोटन, विदेशी शत्रुतापूर्ण कार्य, दुश्मनी वा लडाई जस्तो कार्य (लडाईको घोषणा हुनु अगाडि वा पछाडि), गृह युद्ध, सैनिक बिद्रोह, सैनिक शासन वा उल्लेखित घटनाहरुको प्रत्यक्ष परिणामसंग प्रत्यक्ष वा अप्रत्यक्ष, नजिक वा टाढाको कारणबाट भएको वा सांकेतिक रुपमा उत्पन्न भएको वा संलग्न रहेको कुनै दुर्घटना, क्षति/हानि-नोक्सानी वा दायित्व ।

२. यस बीमालेखले रक्षावरण गरेको सवारी साधन दुर्घटनाको परिणामस्वरुप श्रृजना भएको क्षति (Consiquential Loss) प्रति बीमकको कुनै दायित्व रहने छैन ।

३. तोकिएको थप बीमाशुल्क बीमितले भुक्तानी गरेको आधारमा बीमकले यस बीमालेखको विस्तारको रुपमा हुलदंगा, हड्ताल, द्वेषपूर्ण कार्य तथा आतंककारी/विध्वंशकारी कार्य सम्बन्धी सम्पुष्टिहरु जारी नगरे सम्म हुलदंगा, हड्ताल, द्वेषपूर्ण कार्य वा आतंककारी/विध्वंशकारी कार्यबाट भएको वा घटेको दुर्घटना, क्षति/ हानि-नोक्सानी वा दायित्व बीमकले व्यहोर्ने छैन ।

## परिच्छेद-६
## शर्तहरू

१. यस बीमालेखको कुनै भागमा प्रयोग हुने विशेष अर्थ सहितको शब्द वा वाक्यांशको अर्थ जहाँ जुन अवस्थामा प्रयोग हुन्छ त्यही मान्य हुनेछ ।

२. यस बीमालेख अन्तर्गत दावी योग्य कुनै दुर्घटना वा क्षति/हानि-नोक्सानी भएमा सोको सूचना लिखित रुपमा अविलम्व बीमकलाई दिनु पर्नेछ । त्यस्तो दुर्घटना बारे बीमितले बीमकलाई आवश्यक पर्ने सम्पूर्ण जानकारी तथा सहयोग उपलब्ध गराउनु पर्नेछ । त्यस्तो दुर्घटनासंग सम्बन्धित पत्र, दावी, म्याद, समाह्वान (रिट) वा प्रक्रिया सम्बन्धी जानकारी आदि बीमितलाई प्राप्त हुने बित्तिकै बीमकलाई हस्तान्तरण गर्नु पर्नेछ । यस बीमालेख अन्तर्गत दावी गर्न सकिने कुनै मुद्दा मामिला, अनुसन्धान वा घाऊ/चोटपटक (Fatal Injury) को जाँचबुझ सम्बन्धमा बीमितलाई कुनै जानकारी भएमा तुरुन्त बीमकलाई लिखित जानकारी दिनु पर्नेछ । यस बीमालेख अन्तर्गत दावी गर्न सकिने कुनै चोरी वा अन्य फौजदारी कसूरको सम्बन्धमा बीमितले बीमक तथा प्रहरीलाई तुरुन्त सूचना गर्नु पर्नेछ र अपराधी पत्ता लगाउन सहयोग गर्नु पर्नेछ ।

३. बीमकको लिखित अनुमति नलिई बीमित वा बीमितको तर्फबाट कुनै पनि व्यक्तिले यस बीमालेख अन्तर्गतको दावी सम्बन्धमा कुनै प्रस्ताव राख्न, प्रतिज्ञा गर्न, भुक्तानी लिन/दिन वा छुट दिन सक्ने छैन । बीमकले दावीका सम्बन्धमा बीमितको तर्फबाट दावी भुक्तानी गर्न, विवाद समाधान गर्न, प्रतिरक्षा गर्न, कावाही चलाउन वा वहस पैरवी गर्न चाहेमा बीमक पूर्ण स्वतन्त्र रहने छ र बीमितले यस सम्बन्धी सबै सूचना र सहयोग बीमकले मागे बमोजिम प्रदान गर्नु पर्नेछ ।

४. बीमकको रोजाइ अनुसार सवारी साधन वा सोमा जडित पार्टपूर्जा वा यसको कुनै भाग वा पार्टपूर्जाको मर्मत, बदली वा नयाँ भर्ना दिन वा क्षति/हानि-नोक्सानी बराबरको नगद रकम भुक्तान गर्न सक्नेछ ।

५. बीमितले सवारी साधनलाई क्षति/हानि-नोक्सानी हुनबाट सुरक्षित राख्न र ठीक अवस्थामा कायम राख्न सम्पूर्ण मनासिब कदम अपनाउनु पर्नेछ । सवारी साधन वा सोको कुनै पार्टपूर्जा वा चालक वा बीमितको कुनै कामदारको विषयमा जाँच गर्ने अधिकार बीमकलाई सदैव रहनेछ । बीमितले दुर्घटना वा क्षति भएको अवस्थामा सवारी साधनलाई थप क्षति/हानि-नोक्सानी हुनबाट जोगाउन आवश्यक तथा उचित हेरचाह र सुरक्षाको उपाय अपनाउनु पर्नेछ । दुर्घटना भएको सवारी साधन आवश्यक मर्मत नगरी चलाएको परिणाम स्वरुप सवारी साधनमा भएको थप क्षतिको लागि बीमित स्वयं जिम्मेवार हुनेछ ।

६. बीमकले बीमितको अन्तिम ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको सात दिनको सूचनाद्वारा यो बीमालेख खारेज गर्न सक्नेछ र यस अवस्थामा बीमकले बीमितलाई यो बीमालेख खारेज भएको मितिले बाँकी अवधिको समानुपातिक बीमाशुल्क फिर्ता गर्नेछ ।

७. बीमितको अनुरोधमा कुनै पनि समयमा बीमालेख रद्द गर्न सकिनेछ । यस अवस्थामा बीमालेख कायम रहेको अवधिको निमित्त देहाय बमोजिमको छोटो अवधिको दरले हुन आउने बीमाशुल्क रकम कट्टी गरी बाँकी बीमाशुल्क बीमकले फिर्ता गर्नेछ ।

| वार्षिक बीमा शुल्कको | | | |
|---|---|---|---|
| **अवधि** | **वार्षिक बीमा शुल्कको प्रतिशत** | **अवधि** | **वार्षिक बीमा शुल्कको प्रतिशत** |
| (क) एक हप्तासम्म | दश प्रतिशत | (ख) एक महिनासम्म | बीस प्रतिशत |
| (ग) दुई महिनासम्म | तीस प्रतिशत | (घ) तीन महिनासम्म | चालीस प्रतिशत |
| (ङ) चार महिनासम्म | पचास प्रतिशत | (च) पाँच महिनासम्म | साठ्ठी प्रतिशत |
| (छ) छ महिनासम्म | सत्तरी प्रतिशत | (ज) सात महिनासम्म | अस्सी प्रतिशत |
| (झ) आठ महिनासम्म | नब्बे प्रतिशत | (ञ) आठ महिना भन्दा बढिको लागि | सत प्रतिशत |

तर बीमाशुल्क फिर्ता हुने प्रयोजनको लागि बीमालेख वहाल रहेको अवधिभर कुनै दावी नभएको हुनु पर्नेछ ।

८. यस बीमालेखले रक्षावरण गरेको क्षति/हानि-नोक्सानी/दायित्वको लागि बीमितले अन्य प्रचलित बीमाबाट दावी भुक्तानी पाउने अवस्थामा क्षति/हानि-नोक्सानी/दायित्वको क्षतिपूर्ति रकम वा अन्य खर्चको समानुपातिक मूल्यभन्दा बढि भुक्तान गर्न बीमक बाध्य हुने छैन ।

९. सवारी साधनको क्षति/हानि-नोक्सानी भएको अवस्थामा बीमित वा अरु कुनै व्यक्तिले सोही सवारी साधन अरु बीमकसंग पनि बीमा गराएको रहेछ भने बीमकले सो सवारी साधनको लागि क्षति/हानि-नोक्सानीको समानुपातिक रुपले दिनु पर्ने क्षतिपूर्ति भन्दा बढि दिने छैन ।

१०. यस बीमालेखको तालिकामा बीमा अवधि समाप्त हुने भनि उल्लेख भएको मितिमा स्थानिय समय अनुसार रातको बाह्र बजे यस बीमालेखको अवधि समाप्त हुनेछ ।

११. यस बीमालेख अन्तर्गत जोखिम बहन गर्न शुरु गरेको मिति र समय बीमालेखको तालिकामा उल्लेख भए वमोजिम हुनेछ ।

१२. सवारी साधनको बारेमा बीमितले मूलभूत विवरण दिंदा झुठ्ठा विवरण दिएमा वा जोखिम अनुमान गर्नको लागि आवश्यक पर्ने वास्तविकता लुकाई झुठ्ठा विवरण उल्लेख गरेमा वा वास्तविकताको उल्लेख गर्दा कुनै वस्तुगत तथ्य छूट हुन गएमा वा बीमितबाट यस बीमालेखको कुनै पनि शर्त पालना नभएमा यस बीमालेख अन्तर्गत बीमकले दावी भुक्तानी गर्ने छैन ।

१३. सवारी साधनको स्वामित्व परिवर्तन भएमा त्यस्तो स्वामित्व परिवर्तन भएको मितिबाट सात (७) दिन भित्र सवारी साधनको नयाँ धनीले सम्बन्धित जोखिमको बीमा नगरेमा यो बीमालेख स्वत: निष्क्रिय हुनेछ । सवारी साधनको स्वामित्वमा परिवर्तन आएको कारणले बीमालेख निष्क्रिय भएता पनि यात्री, चालक तथा तेश्रो पक्ष प्रतिको दायित्वको लागि बाँकी बीमा अवधिभर बीमा सुरक्षा कायमै रहेको मानिनेछ र सोही बमोजिम बीमकले दावी भुक्तानी गर्नेछ ।

१४. बीमितले सवारी साधन बिक्री गरेको मितिले सात दिनभित्र बीमकलाई त्यसको लिखित सूचना दिएमा बीमकले देहाय बमोजिम हुने गरी सवारी साधनको नयाँ धनीको नाममा यो बीमालेख नामसारी गरिदिन सक्नेछ ।

(क) बीमालेख नामसारीको लागि सवारी साधनको नयाँधनीले यथाशिध्र बीमा प्रस्ताव फाराम भर्नु पर्नेछ र बीमकले सम्पुष्टि जारी गरि बीमालेख नामसारी गरिदिन सक्नेछ ।

(ख) बीमितले दावी नगरे बापत पाउने छूट पाएकोमा सो छूट सवारी साधनको नयाँ धनीले पाउने छैन ।

(ग) खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रचलित कानून बमोजिम उत्तराधिकारीमा स्वामित्व स्वत: हस्तान्तरण भई आएको अवस्थामा यो बीमालेख स्वत: हस्तान्तरण भएको मानिनेछ ।

१५. बीमकको तर्फबाट सही छाप भएको रसिद जारी नभएसम्म बीमाशुल्क भुक्तान भएको मानिने छैन ।

१६. बीमित वा निजको तर्फबाट अधिकार प्राप्त व्यक्तिले आवश्यक रीत नपुऱ्याएमा वा यो बीमालेख अन्तर्गतको कुनै अधिकार प्रयोग गर्नमा बाधा पुऱ्याएमा यो बीमालेख अन्तर्गतको सबै लाभबाट बीमित बंचित हुनेछ ।

१७. कुनै दावी जालसाजीपूर्ण भएमा वा दावीको सिलसिलामा झुठ्ठा बयान दिई बीमितले वा निजको तर्फबाट काम गर्ने अधिकार प्राप्त कुनै व्यक्तिले यो बीमालेख अन्तर्गत कुनै अनुचित लाभ उठाउन खोजेमा वा जानी जानी बीमित-बीमित वा अन्य कुनै व्यक्तिको मिलेमतोमा कुनै क्षति/हानि-नोक्सानीको घटना घटाएमा बीमित यो बीमालेख अन्तर्गतको सबै लाभबाट बंचित हुनेछ ।

१८. यो बीमालेख अन्तर्गत क्षति/हानि-नोक्सानीको दावी बीमकबाट अस्वीकार भएको तीन महिना भित्र कुनै नालिस उजूर नगरेमा वा बीमा ऐन, २०४९ बमोजिम बीमा समितिले बीमकको पक्षमा निर्णय दिएको मितिले प्रचलित कानूनको म्याद भित्र पूनरावेदन अदालतमा नालिस/उजूर नगरेमा बीमित यो बीमालेख अन्तर्गतको सबै लाभबाट बंचित हुनेछ ।

१९. बीमितले यस बीमालेख अन्तर्गत क्षतिपूर्तिको भुक्तानी प्राप्त गर्दा सो क्षति/हानि-नोक्सानीको अन्य कुनै पक्षबाट क्षतिपूर्ति प्राप्त गर्न सक्ने रहेछ भने त्यस्तो क्षतिपूर्ति प्राप्त गर्ने अधिकार बीमकलाई सुम्पनु पर्नेछ । बीमकबाट क्षतिपूर्ति पाउनु अगावै वा पछि जुनसुकै बखत पनि बीमकले मनासिव र आवश्यक देखेको काम कारबाही बीमकको खर्चमा बीमितले गर्नु पर्नेछ वा सो गर्न बीमकलाई अनुमति दिनु पर्नेछ ।

२०. दावी भुक्तानी प्रकृयामा रहेको वा मुल्तवी रहेको अवस्थामा बाहेक क्षति/हानि-नोक्सानी भएको मितिले तीन महिना पछि बीमक कुनै पनि क्षति/हानि-नोक्सानीको लागि उत्तरदायी हुनेछैन ।

२१. यो बीमालेखका शर्तहरु बमोजिम बीमकलाई दिइने प्रत्येक सूचना तथा अन्य लेखापढी लिखित वा मूद्रित हुनु पर्नेछ ।

२२. यो बीमालेख अन्तर्गत परेको दावी एकिन गर्न आवश्यक प्रमाण जुटाउने दायित्व बीमितको हुनेछ ।

२३. यस बीमालेख अन्तर्गत बीमा दावी सम्बन्धी कुनै विवाद उत्पन्न भएमा बीमा ऐन, २०४९ बमोजिम हुनेछ ।